स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"तेरो बाउले त मसँग जीवन मात्र चलाएछ, प्रेम त उसैसँग गरेछ" माओत्से गुरुङ निर्देशित फिल्म "पेन्सन पट्टा" को ट्रेलरमा अभिनेता "दयाहाङ राई" सँग उनकी आमाले यस्तो घतलाग्दो संवाद बोल्छिन्। फिल्म क्षेत्रमा नयाँ अनुहारझैं लाग्ने ती आमा पात्र को होलिन् ? यही भदौ २६ देखि रिलिज हुन लागेको फिल्मको ट्रेलर हेरेपछि कतिपय दर्शकलाई यस्तो लागिरहेको हुनसक्छ। उनी हुन्, कलाकार प्रतीक्षा गुरुङ।

आजको विचार...



दुर्गा अर्याल

देशलाई...
(दुई पेजमा)



फिल्म "जदौ"को "तिमीसँग नबोली.." बोलको गीत सार्वजनिक भएको छ। गीतमा नायिका नीति शाह र नायक प्रभात पाल ठकुरी रोमान्टिक भावमा प्रस्तुत भएका छन्। किरण गजमेर र मनिषा सुनारको स्वर, गोपाल लोहारको शब्द र अर्जुन पोखरेलको संगीत रहेको गीतको भिडियो कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन्। अन्जन शर्मा र काजी लिम्बूको संयुक्त निर्देशन रहेको फिल्म ९ असोजमा देशव्यापी प्रदर्शनमा आउने तयारीमा छ। अन्तरजातीय प्रेम सम्बन्धको बिषयको स्क्रिप्ट निर्देशक लिम्बूले लेखेका हुन्।

❒ वर्ष ३२ ❒ अंक ५३ ❒ २०८३ भदौ २३ गते मंगलबार 8 September 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जेनजी विद्रोहको एक वर्ष : अझै मेटिएन तोडफोड र आगजनीको घाउ

## सरकारले दियो सार्वजनिक बिदा

**रामचन्द्र रायमाझी**

पाल्पा, भदौ २२/ जेनजी आन्दोलन भएको एक वर्ष पुगेको छ । भ्रष्टाचार र बेथितिविरुद्ध जेनजी युवा समूहले गत वर्ष आजकै दिन भदौ २३ गते आन्दोलन गरेका थिए । भ्रष्टाचार, बेथिति र पुरानो राजनीतिक संस्कारविरुद्ध युवापुस्ताले उठाएको आवाजले सत्ता समीकरण नै फेरबदल गऱ्यो । तर, आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी र सार्वजनिक तथा निजी सम्पत्तिमा पुगेको क्षतिको घाउ भने अझै पूर्ण रूपमा निको हुन सकेको छैन् ।

आन्दोलनको उग्र चरणमा सरकारी कार्यालय, राजनीतिक दलका संरचना, व्यापारिक प्रतिष्ठान तथा अन्य सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोड भएको थियो । कतिपय भवनमा रहेका महत्वपूर्ण कागजात,



उपकरण र भौतिक संरचना नष्ट भए । केही स्थानमा आगलागीका कारण मानवीय क्षतिसमेत भयो । एक वर्षपछि आन्दोलनका राजनीतिक उपलब्धि र त्यसले जन्माएको नयाँ बहसको समीक्षा भइरहँदा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण भने अर्को चुनौती बनेको छ । कतिपय सरकारी संरचना मर्मतसम्भारपछि सञ्चालनमा आएका छन् भने कतिपयमा अझै पूर्ववत् अवस्था फर्काउन काम भइरहेको छ । आन्दोलनका क्रममा देशको प्रशासनिक केन्द्र सिंहदरबार परिसरभित्र रहेका कैयौं मन्त्रालय र प्रशासनिक निकायका भवनहरूमा आगलागी र तोडफोडका कारण ठूलो भौतिक क्षति पुगेको थियो । तर, आन्दोलन भएको एक वर्ष बितिसक्दा पनि क्षतिग्रस्त पूर्वाधारहरूको पुनर्निर्माण सुस्त गतिमा हुँदा सरकारी कामकाजमा असहजता कायमै छ । मर्मत र पुनर्निर्माणको काम समयमै सम्पन्न हुन नसक्दा सिंहदरबारसहित अन्य सरकारी र नीजी क्षेत्रमा आन्दोलनले पारेको प्रभाव अझै स्पष्ट देख्न सकिन्छ । सोही आन्दोलनका कारण दुई-तिहाइ नजिक रहेको कांग्रेस-एमाले गठबन्धन सरकार ढलेको थियो । तत्पश्चात् पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले निर्वाचित संसद विघटन गरी नयाँ निर्वाचनको घोषणा गरेकी थिइन् । राज्यसत्तामा ३५ वर्षसम्म हालिमुहाली गरेका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीजस्ता परम्परागत राजनीतिक दलहरू जेनजी आन्दोलनसँगै रक्षात्मक बनेका थिए । गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पुराना दलहरू बढारिएपछि पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको चौतर्फी दबाब सिर्जना भएको थियो । तर, अहिले पुनः कांग्रेस, एमाले र नेकपाका पुरानै नेताहरू राष्ट्रिय राजनीतिमा सक्रिय हुन थालेका छन् ।

**सरकारले दियो सार्वजनिक बिदा**

सरकारले भदौ २३ गते अर्थात् आजलाई जेन-जी सहिद दिवस घोषणा गर्दै सार्वजनिक बिदा दिएको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त दिनलाई जेन-जी सहिद दिवस घोषणा गरेको हो । '२०८३ साल भदौ २३ गते जेन-जी सहिद दिवसको अवसरमा नेपाल राज्यभर सार्वजनिक बिदा दिने,' बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले भने । सरकारले जेन-जीको नेतृत्वमा २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनलाई यसअघि नै जनआन्दोलनको मान्यता दिएको थियो । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### भवन भत्किँदा छ जनाको मृत्यु

**रासस/एपी**

**काठमाडौं,** भदौं २२/ नयाँदिल्लीको सत्य निकेतनमा पाँचतले भवन भत्किँदा छ जनाको मृत्यु भएको छ । भग्नावशेषमा मानिस फसेको आशङ्कामा उद्धारकर्मीहरूले सोमबार दोस्रो दिन पनि खोजी जारी राखेका छन् । दिल्ली विश्वविद्यालय परिसरनजिकैको विद्यार्थी आवास क्षेत्रको भवन आइतबार भत्किएको हो । प्रहरी, अग्नि नियन्त्रक तथा विपद् प्रतिकार्य टोलीले अर्थमुभर र स्निफर कुकुरको सहयोगमा उद्धार कार्य गरिरहेका छन् । मुख्यमन्त्री रेखा गुप्ताका अनुसार १२ जनालाई भग्नावशेषबाट उद्धार गरिएको र छ जना घाइते भएका छन् । करिब ८० प्रतिशत भग्नावशेष हटाइसकिएको छ । करिब ५५ वर्ष पुरानो भवनमा मर्मतसम्भार भइरहेको थियो । प्रारम्भिक अनुसन्धानमा बेसमेन्टमा पानी जम्नु तथा मर्मतका क्रममा संरचना कमजोर भएकाले भवन भत्किएको हुनसक्ने मुख्यमन्त्री गुप्ताले बताइन् । घटनापछि सरकारले विद्यार्थी आवास, विद्यालय तथा नर्सिङ होमजस्ता सार्वजनिक प्रयोगका भवनमा नियमित संरचनात्मक परीक्षण र सुरक्षा प्रमाणपत्र अनिवार्य गर्ने तयारी गरेको छ । मनसुनका बेला भारी वर्षाका कारण पुराना भवन भत्किने जोखिम बढ्ने गरेको छ ।

# गुल्मीका बाख्रामा देखिएको पिपिआर रोग नियन्त्रणमा

**गुल्मी,** भदौ २२/ गुल्मीका बाख्रामा देखिएको पेस्ट डेस पेटिट्स रुमिनान्ट्स (पिपिआर) रोग नियन्त्रणमा आएको छ । जिल्लाको मदाने गाउँपालिका-६ न्वारामा स्थानीय कृषक नारायण कुँवरले पालेको बाख्रामा गत तीन साता अघि पिपिआर रोगको सङ्क्रमण देखिएको थियो ।

पिपिआर (भेँडा-बाख्रामा लाग्ने हैजा) फैलिएको क्षेत्रमा पशु आवतजावतमा रोक लगाउनुका साथै प्राविधिक टोली परिचालन गरी सङ्क्रमित बाख्राको उपचार र मरेका पशुलाई सोही ठाउँमा व्यवस्थापन गरेपछि रोग पूर्ण रूपमा नियन्त्रणमा आएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीका प्रमुख हुमाकान्त पाण्डेले जानकारी दिए । मदाने गाउँपालिका-६ न्वाराका बाख्रामा पिपिआरको सङ्क्रमण पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालयले भदौ १ गते सार्वजनिक सूचना जारी गर्दै सतर्कता अपनाउन आग्रह गरेको थियो । सङ्क्रमण देखिएको क्षेत्रलाई केन्द्रित गरी



२१ दिनसम्म निगरानी तथा आवश्यक नियन्त्रणका उपाय अपनाइएपछि हाल उक्त क्षेत्रमा सङ्क्रमण नियन्त्रणमा आएको केन्द्रका प्रमुख पाण्डेले बताए ।

भेटेरिनरी कार्यालयका अनुसार प्रारम्भिक चरणमा न्वारा क्षेत्रमा पिपिआरका कारण चार वटा बाख्रा मरेका थिए भने आठ वटा बाख्रामा सङ्क्रमण पुष्टि भएको थियो । उक्त ठाउँमा गत साउनको दोस्रो साता अर्घाखाँचीको धारा पानीबाट दुई वटा बोका ल्याएपछि स्थानीय किसानले पालेका बाख्रामा रोगका लक्षण देखिएको उनले बताए । रोगको लक्षण देखिएलगत्तै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट पशु चिकित्सक सोनिया थापासहितको टोली प्रभावित क्षेत्रमा पुगेर सङ्क्रमित बाख्राको नमूना सङ्कलन गरेको थियो । सङ्कलित नमुना पशु रोग अन्वेषण प्रयोगशाला नवलपरासी पठाइएकोमा परीक्षणबाट पिपिआर रोग पुष्टि भएको विज्ञ केन्द्रका प्रमुख पाण्डेले जानकारी दिए ।
*-बाँकी अन्तिम पेजमा...*

## साक्षर समाज–सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षा:
- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## साक्षरता दिवसको सन्दर्भ

आज अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाइँदैछ । यो प्रत्येक वर्ष सेप्टेम्बर महिनाको ८ तारिखका दिन मनाइन्छ । यसलाई युनेस्कोले २६ अक्टोबर १९६६ मा युनेस्कोको महासभाको १४ औँ सत्रमा घोषणा गरेको थियो । सन् १९६७ मा पहिलो पटक यो दिवस मनाइएको थियो । यसको उद्देश्य व्यक्ति, समुदाय र समाजका लागि साक्षरताको महत्वलाई उजागर गर्नु हो ।

यो दिवस अक्षर चिन्न सक्ने क्षमताको उत्सव मात्र होइन, शिक्षा, चेतना, आत्मनिर्भरता र सम्मानपूर्ण जीवनको अधिकारप्रति राज्य र समाजलाई जिम्मेवार बनाउने अवसर पनि हो । साक्षरता व्यक्तिको जीवन बदल्ने आधार हो भने शिक्षित र सचेत नागरिक नै समुन्नत समाज निर्माणका वास्तविक संवाहक हुन् । साक्षरता भन्नाले केवल कखरा चिन्नु, आफ्नो नाम लेख्नु वा सामान्य पाठ पढ्न सक्नु मात्र बुझिँदैन । आजको बदलिँदो समयमा साक्षरता भनेको सूचना बुझ्ने, सही र गलत छुट्याउने, प्रविधिको विवेकपूर्ण प्रयोग गर्ने, आफ्नो अधिकार र कर्तव्यबारे जानकार हुने तथा दैनिक जीवनका चुनौतीसँग तर्कसंगत ढंगले सामना गर्न सक्ने क्षमता पनि हो । त्यसैले साक्षरताको अर्थ समयसँगै व्यापक हुँदै गएको छ । नेपालले विगतमा साक्षरता विस्तारमा उल्लेख्य प्रगति गरेको छ । विद्यालयको पहुँच बढेको छ, निरक्षरता घटेको छ र शिक्षा पाउने अवसर पनि पहिलेभन्दा विस्तार भएको छ । तर यति हुँदाहुँदै पनि हाम्रो शैक्षिक यात्रामा गम्भीर प्रश्नहरू बाँकी छन् । विद्यालय पुगेका सबै बालबालिकाले गुणस्तरीय शिक्षा पाइरहेका छन् कि छैनन् ? विद्यालयबाहिर रहेका बालबालिका, आर्थिक रूपमा विपन्न परिवार, दुर्गम क्षेत्र, अपाङ्गता भएका व्यक्ति तथा विभिन्न कारणले शिक्षाबाट वञ्चित समुदायसम्म शिक्षाको समान पहुँच पुगेको छ कि छैन ? दिवसका दिन यी प्रश्नको इमानदार उत्तर खोज्नु आवश्यक छ । तर हरेक वर्ष कर्मकाण्डीजस्तो मात्रै देखिएकाले दिवसको प्रभावकारिताप्रति सरोकारवाला नै विश्वस्त हुन सकेका छैनन् । यो अत्यन्तै दुखको कुरा हो । सरकारले सञ्चालन गरेको साक्षरता अभियानले साक्षरता प्रतिशत बढाउन केही सहज भएपनि निरक्षर उन्मूलनचाहिँ चुनौतीकै विषयका रुपमा देखापरेको छ । अहिले पनि पूर्णसाक्षर जिल्ला घोषणाको क्रम जारी छ तर, साक्षर जिल्ला घोषणाको दौडमा तथ्यांक बढाइएको, साक्षरता घोषणा गरिएअनुसारको सुधार गाउँमा नदेखिएका गुनासा पनि आइरहेकै छन् । सरकारको महत्वाकांक्षी घोषणालाई सार्थक बनाउनकै लागिमात्रै निरक्षरहरुलाई रातारात साक्षर बनाइनु विडम्बनाकै कुरा हो । सरकारले संख्यात्मक भन्दा पनि गुणात्मक पक्षलाई ध्यान दिएर साक्षर अभियानलाई निरन्तरता दिन सकेमा साक्षरता दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

## Opinion @ Social Network

ऋण पनि थिएन, रहर पनि थिएन !
सबै भन्दा ठुलो त जिम्मेवारी थियो त्यसैले प्रदेशिए ।
*(सुनिल न्यौपानेको फेसबुक स्टाटसबाट www.facebook.com/Sunil.Neupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशलाई स्वार्थ पूर्ति गर्ने क्रिडास्थल कहिले सम्म बनाउने ?



## दुर्गा अर्याल

*देशका लागि केहि गर्छु भन्ने कसैको यो देशमा सुखद् अन्त्य देखिदैन् । विगतदेखि वर्तमानसम्म राजनीतिक षड्यन्त्र र विभिन्न स्वार्थले देशलाई दलदलमा फसाएको देखिन्छ । राजनीतिक अस्थिरता ,आरोप-प्रत्यारोप र सत्ता प्राप्तिको खेलमै देशले दशकौं अवधि बेथित गरेको छ । इतिहासमा दरबार हावी हुँदा ,राणा हावी हुँदा ,राजनीतिक दलका नेतृत्व हावी हुँदा देशको सार्वभौमिकता माथि प्रहार भएका घटनाहरु निरन्तर घटिरहेकै देखिन्छ । यी सबै श्रृखलाहरु राष्ट्र र जनताका हितका खातीर घटाइएका हैनन् कुनै कुनै रुपमा स्वार्थका गन्धहरु मिसिएकै छन् । राष्ट्रियता ,राष्ट्रप्रेम मन मस्तिष्कमा प्राकृतिक रुपमा नै आउने कुराहरु रहेछन् । यसरी उत्पन्न भएको राष्ट्र माया दिगो र राष्ट्र हितमा केन्द्रीत हुँदो रहेछ । सत्ता प्राप्ति र राजनीतिक स्वार्थ परिपूर्तिका लागि देखाईने राष्ट्रवाद दिगो र राष्ट्रहित अनुकुल हुने रहेन छ । विगत - वर्तमानले यही प्रमाणित गर्दछ । देशमा राजनीतिक संकट उत्पन्न हुँदा, प्राकृतिक विपती आईपर्दा देखिनु पर्ने राष्ट्रिय एकता राजनीतिक स्वार्थमा पुगेर ठोकिदो रहेछ । यहि कारण होला संकटमा जिम्मेवार राजनीतिक दल र तीनका नेतृत्व आरोप प्रत्यारोपमै समय बेथित गरेका घट्ना नेपाल र नेपालीका लागि नौला घटना बनेनन् । यो नेपालको नियत्त जस्तै बन्न पुगेको छ । देशलाई स्वार्थ पूर्तिको क्रिडास्थल कहिलेसम्म बनाउने सोचनिय विषय बनेको छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।*

१७ औं शताब्दीका देश प्रति बफादार भारदार काजी भिम मल्लको दरबारले षड्यन्त्र पूर्वक मृत्युदण्ड दिए पछि उनकी पत्नीले सती जानु पूर्व भनेकी थिईन् "देशको भलो चाहने कुनै पनि व्यक्तिको यस देशमा कहिल्यै भलो नहोस्" सोहि समयदेखि नेपाललाई सतीले सरापेको देश उपनामले पनि चिनिन थालेको पाईन्छ । हुन पनि मल्लकालीन समय देखि वर्तमान सम्म आईपुग्दा । देश बनाउँछु भन्नेले देश बनाउन पाएकै देखिदैन् । देशका लागि केहि गर्छु भन्ने कसैको यो देशमा सुखद् अन्त्य देखिदैन् । विगतदेखि वर्तमानसम्म राजनीतिक षड्यन्त्र र विभिन्न स्वार्थले देशलाई दलदलमा फसाएको देखिन्छ । राजनीतिक अस्थिरता ,आरोप-प्रत्यारोप र सत्ता प्राप्तिको खेलमै देशले दशकौं अवधि बेथित गरेको छ । इतिहासमा दरबार हावी हुँदा ,राणा हावी हुँदा ,राजनीतिक दलका नेतृत्व हावी हुँदा देशको सार्वभौमिकता माथि प्रहार भएका घटनाहरु निरन्तर घटिरहेकै देखिन्छ । यी सबै श्रृखलाहरु राष्ट्र र जनताका हितका खातीर घटाइएका हैनन् कुनै कुनै रुपमा स्वार्थका गन्धहरु मिसिएकै छन् ।

राष्ट्रियता ,राष्ट्रप्रेम मन मस्तिष्कमा प्राकृतिक रुपमा नै आउने कुराहरु रहेछन् । यसरी उत्पन्न भएको राष्ट्र माया दिगो र राष्ट्र हितमा केन्द्रीत हुँदो रहेछ । सत्ता प्राप्ति र राजनीतिक स्वार्थ परिपूर्तिका लागि देखाईने राष्ट्रवाद दिगो र राष्ट्रहित अनुकुल हुने रहेन छ । विगत - वर्तमानले यही प्रमाणित गर्दछ । देशमा राजनीतिक संकट उत्पन्न हुँदा, प्राकृतिक विपती आईपर्दा देखिनु पर्ने राष्ट्रिय एकता राजनीतिक स्वार्थमा पुगेर ठोकिदो रहेछ । यहि कारण होला संकटमा जिम्मेवार राजनीतिक दल र तीनका नेतृत्व आरोप प्रत्यारोपमै समय बेथित गरेका घट्ना नेपाल र नेपालीका लागि नौला घटना बनेनन् । यो नेपालको नियत्त जस्तै बन्न पुगेको छ । देशलाई स्वार्थ पूर्तिको क्रिडास्थल कहिलेसम्म बनाउने सोचनिय विषय बनेको छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**पृष्ठभूमि :**

पाल देश भित्र र बाहिरका शक्तिहरुको स्वार्थ परिपूर्तीको क्रिडास्थ बन्दै गएको कुरामा दुईमत रहदैन् । मल्लकालीन शाशन व्यवस्था हुँदै जेन जी आन्दोलन सम्म आईपुग्दा यही पक्ष हावी हुँदै गएको देखिन्छ । काजी भिम मल्ल, बहादुर शाह ,भीमसेन थापा, माथवरसिंह थापा लगायतका स्वार्थ हावी हुँदा राज्य षड्यन्त्रका कारण दुखद् अन्त्य भएका कुरा इतिहासमा भेटिन्छ । नेपाल राजनीतिक स्वार्थ पूर्विको क्रिडास्थल असमान सुगौली सन्धी पछिका बर्षहरुमा हावी हुँदै गए । देशको सार्वभौमिकता र विदेशी हस्तक्षपले तिव्रता पाउदै गयो । देशमा राजनीतिक अस्थिरता र अशान्तीको बिउँ त्यही विन्दुबाट सुरु भएको देखिन्छ । कोत पर्व, भण्डारखाल पर्व, अलौ पर्व ,वैज्ञानिक गेहेन्द्र शम्शेर काण्ड हुँदै आधुनीक नेपालका राजदरबार हत्याकाण्ड, दासढुङगा दुर्घटना काण्ड, पिस्कर काण्ड जस्ता दर्जनौ काण्डहरु र स.न. १९५० को असमान सन्धी दृश्य र अदृश्य शक्तिको स्वार्थ परिपूर्तीका लागि घटाइएका घटनाहरु थिए । यी घटनाहरुले देशलाई अस्थिरता तीर धकेल्न सहयोग गरेको कुरामा दुईमत नरहला ।

१०४ बर्षे जहानीया राणा शाशनको अन्त्य र प्रजातन्त्रको प्राप्ति पछि जनताको हातमा सत्ता सञ्चालनको बागडोर आउदा पनि यो श्रृखलाको अन्त्य भएन व्यक्तिगत स्वार्थ हावी भैरहे, राष्ट्रघातका श्रृखला चलिरहे वि.स. २०११ को कोशी सम्झौता, वि.स.२०१६ को गण्डक सम्झौता, स.न. १९९१ को टनकपर सम्झौता,स.न.१९६६ को महाकाली सन्धी यसैका जलवन्त उदाहरणहरु हुन् । प्रजातन्त्र प्राप्ती र पुर्नप्राप्ती पछि पनि यी अस्थिरता, सत्ता परिवर्तन, अशान्ती उत्पन्न गराउने कार्यहरु निरन्तर चलिनै रहे । देश स्वार्थ परिपूर्ती क्रिडास्थलमा रुमलिनै रह्यो । पञ्चायती शाशन व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पूर्नस्थापना वि.स. ०४६ /०४७ पछि पनि रोकिएन । यो प्रवृत्ती सत्ता परिवर्तन, संसद विघट्न, मध्यावधि चुनाव जस्ता घटना स्वार्थका कारण हावी भए । साथै १० वर्षे जनयुद्ध, दरबार हत्याकाण्ड, गणतन्त्र, जेन जी आन्दोलन स्वार्थ पूर्तिका लागि घटाइएका थिए । देशलाई अस्तव्यस्त बनाउने, पछाडी धकेल्ने राजनीतिक घटनाका श्रृखला बाहेक नेपाललाई अघि बढ्नबाट रोक्ने प्राकृतिक प्रकोपले पनि समस्या थपिदिएको छ । समय समयमा गहिरहने भूकम्प, बाढी पहिरो हाम्रो नियती नै बन्न पुगेको छ । पछिल्लो समय गएको भोटेकोशी बाढीले हालसम्मकै ठूलो क्षती पुगेको छ देशको लागि । विकासको गतीमा ब्रेक लगाईदिएको छ ।

प्राकृतिक प्रकोप हाम्रो नियन्त्रणमा छैन्, यसबाट मानविय प्रयासले क्षति केहि कमी गर्न सकिएला तर रोक्न नै भने सकिदैन् तर राजनीतिक स्वार्थ, व्यक्तिगत स्वार्थका कारण सिर्जना भएका अस्थिरता, अशान्तिलाई भने पक्कै मानवीय प्रयत्नले रोक्न सकिने देखिन्छ । यसका लागि म हैन् हामी , व्यक्तिगत स्वार्थलाई हैन सामुहिक स्वार्थलाई केन्द्रमा राखेर दल भन्दा माथि देश र माटोको मायालाई राख्न सकेमा सम्भव देखिन्छ ।

राजनीतिक स्वार्थमा दशकौ अवधि बेथित गर्दा नेपालको अर्थतन्त्रले अझै पनि ३ देखि ४ प्रतिशतकै आर्थिक वृद्धिको दयनिय अवस्थामा रुमली रहेको छ । विकास, औद्योगिकरण, आयात -निर्यातको व्यापारको अवस्था दिनप्रति दिन प्रतिकूल अवस्थामा फराकिलो तथ्याक बोकेर हिडिरहेको छ । रोजगारी सिर्जनाका कुरा कथा जस्तै बनेका छन् । अर्थतन्त्रका धेरै सुचक सन्तोष जनक अवस्थामा देखिदैन् यी सबै सिर्जित तथ्याक र घटनाको कारण राजनीतिक अस्थिरता, अस्थिर नीति नियम नै रहेको देखिन्छ । राजनीतिक एकता कायम हुन् नसक्नु नै देशको सबै भन्दा घातक पक्ष बनेको छ । जब देशमा प्राकृतिक र राजनीतिक समस्या आउँछ राष्ट्रिय एकतामा झनै समस्या थपिएको हुन्छ । एकमत र एकजुट हुनु पर्ने दलहरु आरोप प्रत्यारोपमै समय बेथित गरेको देखिन्छ ।

**निष्कर्ष :**

देश राजनीतिक स्वार्थ परिपूर्ति गर्ने क्रिडास्थल हैन्,स्वाभिमान र सार्वभौमिकताका साथ शिर उच्चो बनाएर बस्ने आश्रय स्थल हो । प्रकृतिले दिएको यो शान्ती भूमिलाई राजनीतिक स्वार्थ पूर्ति गर्ने थलोको रुपमा रुपान्तरण गरी जनताको दैनिकीमा आघात पार्ने छुट कोही कसैमा छैन् । देश कुनै अमुक दल र तीनका नेतृत्वको नीजि सम्पति हैन, स्वार्थका लागि जे पनि गर्न । स्वार्थ पूर्तिका लागि एक अर्कालाई हिलो छ्याप्ने काम, देशमा अशान्ती र अस्थिरताको बीउँ रोप्ने काम कुनै पक्षबाट हुनुहुँदैन् । हरेक कुरालाई दलको चश्मा लगाएर हेर्ने प्रवृतिको अन्त्य हुनु पर्दछ । राजनीतिक स्वार्थका लागि गर्ने राष्ट्र माया हैन मन र मस्तिष्कमा देश, जनता र माटोको बास्तविक मायालाई भर्न सके हामी पनि उच्च आर्थिक वृद्धि, उच्च जीवनस्तर भएको विकसित देशको नागरिक भन्न सकिने थियो की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : काममा राम्रो प्रगति देखिनेछ। शरीरको आरामलाई प्राथमिकता दिनुहोस्।
**वृष** : व्यापारमा ग्राहकको चाप बढ्न सक्छ। आवश्यकभन्दा बढी खर्च नगर्नुहोला।
**मिथुन** : महत्वपूर्ण जिम्मेवारी हातमा आउनेछ। अल्झिएको विषय सजिलै मिल्नेछ।
**कर्कट** : आर्थिक अवस्था स्पष्ट हुनेछ। पानी पर्याप्त पिउनेतर्फ ध्यान दिनुहोस्।
**सिंह** : जिम्मेवारी पूरा गर्ने उत्साह पनि बढ्नेछ। व्यवसायमा सम्पर्क हुन सक्छ।
**कन्या** : काम समयमै पूरा हुँदा बोझ घट्नेछ। खानामा धेरै तेल प्रयोग नगर्नु राम्रो हुन्छ।
**तुला**: काममा वातावरण सहज रहनेछ। घरमा सामान खरिद गर्ने योजना बन्न सक्छ।
**वृश्चिक** : कामका लागि समय मिल्नेछ। मसलेदार कम गर्दा पेटलाई आराम हुनेछ।
**धनु** : नयाँ चिनजान भविष्यमा उपयोगी हुनेछ। रमाइलो समय बिताउने मौका मिल्नेछ।
**मकर** : काम पूरा गर्ने समय मिल्नेछ। तपाईको जिम्मेवारीलाई विश्वास गरिनेछ।
**कुम्भ**: आर्थिक दबाब कम हुनेछ। परिवारमा सानो खुसीको वातावरण बन्नेछ।
**मीन** : आत्मीयता बढ्नेछ। हल्का भोजन गरेर समयमै आराम गर्नु राम्रो हुन्छ।

## विज्ञान/सूचना प्रविधि

# अप्लाइड एआईमाथि भविष्य खोज्दै अमेरिकाको नेपाली स्टार्टअप ‘एल्केमी’




आर्टिफिसियल इन्टिलिजेन्स अर्थात् एआई । आजको दिनमा विश्वभरका मान्छेको लागि जीवनको अभिन्न अंगजस्तै बनेको छ । बिहान उठ्नेबित्तिकै मोबाइल चलाउँदादेखि कार्यलयका जटिल कामहरू फत्ते गर्नेसम्मका कामका लागि अहिले एआईको प्रयोग हुन्छ । तर, एआई पनि दिन प्रतिदिन एड्भान्स बन्दै गएको छ । सुरुमा सामान्य सूचना र जानकारीका लागि प्रयोग हुँदै आएको एआई अहिले तथ्यांक विश्लेषण, नेटवर्किङदेखि अन्य विभिन्न काममा प्रयोग हुन थालिसकेको छ । अर्थात् जेनेरेटिभ एआईसँगै अहिले अप्लाइड एआईको प्रचलन बढ्दै गएको छ । एआईले मानिसको जीवनलाई सहज त बनाएको छ, तर यसमा सबै कुराको समाधान चाहिँ आइसकेको छैन । एआईको प्रयोगबाट गर्न सकिने कामबारे अझै पनि खोज अनुसन्धान र अभ्यासहरू भइरहेका छन् । एआईले के गर्न सक्छ भन्ने प्रश्नबाट एआईले के गर्न सक्दैन भन्नेतिर अहिले विश्वको ध्यान गइरहेको बेला अमेरिकामा नेपालीहरूले अप्लाइड एआईमाथि रहेर यस्तै स्टार्टअप सुरु गरेका छन् । देवदास ल्याब्स कम्पनीको एल्केमी नामक सो प्रोडक्ट विश्वका विभिन्न देशका २० भन्दा बढी संस्थामा यसको सफल प्रयोग भइसकेको संस्थापक नितेश पन्त बताउँछन् । के हो एल्केमी ? एल्केमी विशेष गरी व्यावसायिक परामर्शदाता (कन्सल्टिङे) फर्महरूका लागि डिजाइन गरिएको एउटा अत्याधुनिक एआई प्लेटफर्म हो । यसले प्रो एक्टिभ इन्टेलिजेन्सको अवधारणामा काम गर्छ । यसको अर्थ कुनै पनि कम्पनीले वर्षौं लगाएर बनाएको सम्बन्ध र नेटवर्कलाई कसरी सही समयमा व्यावसायिक फाइदामा बदल्ने भन्ने कुराको समाधान नै एल्केमी हो । परामर्शदाता कम्पनीहरूका पार्टनरहरूसँग सयौँ प्रभावशाली मानिसहरूको सम्पर्क हुन्छ । तर, उनीहरूले सधैँ सबै मानिससँग संवाद गरिरहन भ्याउँदैनन् । एल्केमीले एआईको प्रयोगमार्फत यो सम्पूर्ण अनुसन्धान प्रक्रियालाई अटोमेट गरिदिन्छ र पार्टनरलाई ‘एक्सन रेडी’ बनाउँछ । जजमेन्ट इकोनोमी तिरको पाइला संस्थापक पन्तका अनुसार एआईले सूचनाको विश्लेषणलाई यति सस्तो बनाइदिएको छ कि अब विश्लेषण मात्रै पर्याप्त छैन । बजारमा सूचनाको बाढी छ, तर त्यो सूचनालाई कसरी प्रयोग गर्ने भन्ने जजमेन्टको अभाव छ । ‘हाम्रो थेसिस के हो भने भविष्य जजमेन्ट इकोनोमी र रिलेसनसिप इकोनोमीमा आधारित हुनेछ,’ पन्त प्रस्ट्याउँछन् । एआईले तथ्यांक संकलन त गर्छ, तर त्यो तथ्यांकको आधारमा जोखिम लिएर निर्णय गर्ने र त्यसको जिम्मेवारी लिने काम मान्छेको हो । एल्केमीले मानिसलाई सूचना खोज्ने झन्झटबाट मुक्त गराएर केवल ’निर्णय लिने’ र ’मानवीय सम्बन्ध विस्तार गर्नु मुख्य काममा मात्र केन्द्रित गराउँछ । ५५ जनाको सम्बन्ध र ’मिसिङ लिंक’ एल्केमीले समाधान गर्ने एउटा मुख्य समस्यालाई कन्क्रिट प्रब्लमुका रूपमा बुझ्न सकिन्छ । मानौं, न्युयोर्कको एउटा कन्सल्टिङ पार्टनरले भिजु कम्पनीका ५५ जना उच्च अधिकारीहरूलाई चिन्छ । तर, आजको दिनमा ती ५५ मध्ये कुन चाहिँ मान्छेलाई फोन गर्ने त उनीहरूसँग चिनजान त छ, तर संवाद सुरु गर्ने कुनै ठोस आधार छैन । एल्केमीको आर्किटेक्चर अर्थात् भित्री संरचना निकै आधुनिक र सुरक्षित छ । यसले आफ्नै एल्केमी ओएसमार्फत काम गर्छ, जसलाई संस्थाको डिजिटल मस्तिष्क भन्न सकिन्छ । यसका मुख्य दुई वटा प्रक्रिया छन् :- पहिलो लर्निङ अर्थात् सिक्ने । यसले संस्थाभित्र रहेका पुराना डकुमेन्ट, इमेल, प्रेजेन्टेसन, मिटिङका ट्रान्सक्रिप्ट र सिटहरूलाई आफैँ पढेर अर्थपूर्ण रूपमा संगठित गर्छ । यसले गर्दा संस्थाको मेमोरी सधैँ ताजा रहन्छ । दोस्रो आन्सरिङ अर्थात् उत्तर दिने । यसमा एजेन्टिक सर्चको सुविधा छ । यसले संस्थाको आन्तरिक ज्ञान र बाहिरी संसारका सूचनाहरूलाई एकैसाथ खोजेर सटिक उत्तर निकाल्छ । विशेषगरी ठुला संस्थाहरूका लागि डेटा सेक्युरिटी निकै संवेदनशील विषय छ । एल्केमीले हरेक ग्राहकको डेटालाई लोजिकल आइसोलेसनमा राख्छ र ‘एसओसी२ टियर टू’जस्ता उच्च सुरक्षा मापदण्डहरू पालना गर्छ । यसको अर्थ एक कम्पनीको डेटा अर्को कम्पनीले वा एआईले पनि गलत प्रयोग गर्न पाउँदैन । एक्सन प्याकेट’ : अनुसन्धानको अन्त्य, कार्यको सुरुवात एल्केमीले पार्टनरको प्लेटबाट अनुसन्धानको भार घटाउँछ । तर उनको जजमेन्टलाई भने हटाउँदैन । यसले दिने अन्तिम आउटपुटलाई एक्सन प्याकेट भनिन्छ । तर, त्यो धान खेतीमा गरिएको लगानी र त्यसको नतिजाको जिम्मेवारी सधैँ मान्छेकै हुन्छ,’ पन्त भन्छन्, ‘अब मानिसले खोज्नुपर्ने भूमिका त्यही हो ।’ एल्केमीमा पनि त्यही अनुसार काम हुन्छ । यसले सूचना दिन्छ, विश्लेषण गर्छ र ड्राफ्ट पनि बनाइदिन्छ । तर, त्यो सूचनालाई बाहिरी दुनियाँमा प्रयोग गर्नुअघि मान्छेको अनुमति अनिवार्य हुन्छ । सबै उत्तरलायित्व मानिसमा हुनेगरी एल्केमीले विभिन्न संस्थाहरूलाई सहयोग गरिरहेको पन्त बताउँछन् ।

**नेपाल-अमेरिकाको हाइब्रिड टिम र ’दाम्मी’ काम** एल्केमीको सबैभन्दा सुन्दर पक्ष यसको यसको सानो टिम तर प्रभावकारी काम रहेको पन्तको दाबी छ । हाल यसमा ५ जनाको टिम छ- दुई संस्थापक अमेरिकामा छन् । तीन जना दक्ष प्राविधिक भने नेपालमा छन् । त्यसैले उनीहरू एल्केमीलाई ’अल नेपाली टिम’ का रूपमा चिनाउन चाहन्छन् । एल्केमीको आन्तरिक नारा नै छ- ’आऊ दाम्मी काम गरौँ !’ यसको अर्थ नेपाललाई केवल सस्तो श्रम पाइने ठाउँको रूपमा मात्र नहेरेर ’विश्वस्तरको बौद्धिक प्रोडक्ट’ सिर्जना गर्ने केन्द्रको रूपमा विकास गर्नु हो । पन्त भन्छन्, ‘नेपालको आईटी क्षेत्र अहिलेसम्म सर्भिस बेस्डमात्र छ, हामी यसलाई प्रोडक्ट बेस्ड बनाएर नेपाली ट्यालेन्टले पनि ग्लोबल मार्केटमा प्रतिस्पर्धा गर्न सक्छ भन्ने देखाउन चाहन्छौँ ।’ उनीहरूको सपना भविष्यमा एउटा युनिकर्न अर्थात् १ अर्ब डलरभन्दा बढी मूल्य भएको कम्पनी बनाउने छ, जसको जरा नेपाली माटोमै जोडिएको होस् ।

**पाइलट प्रोजेक्टदेखि व्यावसायिक विस्तारसम्म**

अहिलेसम्म एल्केमीले न्युयोर्क, लन्डन र टेक्सासमा रहेका विभिन्न प्रतिष्ठित परामर्शदाता फर्महरूसँग सहकार्य गरिसकेको छ । पाइलट प्रोजेक्टका रूपमा ४ देखि ६ हप्तासम्म संस्थाहरूले यो प्रविधि प्रयोग गर्छन् । यसले गर्दा कन्सल्टेन्टहरूको सेल्स क्षमता बढेको र अनुसन्धानमा लाग्ने समय ५० प्रतिशतभन्दा बढीले घटेको अनुभव पन्त सुनाउँछन् । खासगरी एउटा सिनियर पार्टनरले वर्षमा कति व्यावसायिक नतिजा निकाल्न सक्छ भन्ने कुरामा एल्केमीले प्रत्यक्ष प्रभाव पारेको पाइएको छ । उनीहरूको लक्ष्य प्रविधि बेच्नु मात्र होइन, बरु ग्राहकको व्यावसायिक सफलता सुनिश्चित गर्नु पनि हो । कसरी सुरु भयो एल्केमी ? पन्त सन् २०१८ मा अमेरिकाको चर्चित आईभी लिग कलेज डार्टमाउथमा पढ्न गएका थिए । त्यहाँको पढाइपछि उनले जर्मन कन्सल्टिङ कम्पनी रोल्यान्ड बर्जरमा काम गरे । त्यहाँ काम गर्दा उनले कन्सल्टिङ दुनियाँको जटिलता र सूचना संकलनमा हुने समयको बर्बादीलाई नजिकबाट नियाले । त्यही भोगाइले उनलाई देव ड्यास नामक ल्याब सुरु गर्न प्रेरित गर्‍यो । सुरुमा उनीहरूले विभिन्न संस्थाहरूमा एआई कसरी प्रयोग गर्ने भन्ने सल्लाह दिन्थे । पछि उनीहरूले बुझे कि सल्लाह मात्र दिएर पुग्दैन, एउटा यस्तो ठोस प्रोडक्ट चाहिन्छ, जसले व्यवसायीको वास्तविक समस्या समाधान गरोस् । त्यहीँबाट एल्केमीको जन्म भएको उनी बताउँछन् ।

**अप्लाइड एआईको सम्भावना**

जेनेरेटिभ एआईले मानिसलाई छक्क पारेको छ, तर अप्लाइड एआईले मानिसको वास्तविक समस्या समाधान गर्छ । एल्केमी यही अप्लाइड एआईको उत्कृष्ट उदाहरण हो । भविष्यमा यो केवल कन्सल्टिङमा मात्र सीमित नरही अन्य क्षेत्रमा पनि विस्तार हुने कम्पनीको दाबी छ । पन्त र उनको टिम अहिले इन्भेस्टमेन्ट संकलन गर्ने र प्रोडक्टलाई अझ बढी परिष्कृत बनाउने दौडमा छन् । भविष्यमा कुनै पनि ठुलो व्यावसायिक संवाद हुनुअघि मानिसहरूले एल्केमीको सहयोग लिऊन् भन्ने आफूहरूको चाहना रहेको उनको भनाइ छ । यो टिमले उत्तरदायित्व र मानवीय सम्बन्धलाई केन्द्रमा राखेर बनाएको यो टुल्सले व्यावसायिक जगतमा राम्रो प्रभाव पार्न सक्ने देखिन्छ । नेपालमै बसेर विश्वस्तरको प्रोडक्ट बनाउन सक्नुले आगामी दिनमा नेपाली युवाहरूलाई स्टार्टअपको क्षेत्रमा लाग्न प्रेरित गर्ने समेत उनीहरूको विश्वास छ ।

*-रातोपाटी डटकम*

# नेपाललाई भूउपग्रहमा आधारित मौसम सूचना बढाउँदै चीन



चीनले नेपाललाई मौसम विज्ञानसम्बन्धी सूचना, जानकारी एवं तथ्यांक सहयोग तीब्र बनाएको छ । नेपाल-चीन सीमाक्षेत्रमा गएको विनाशकारी पहिरो र बाढीपछि चीनले त्यस्तो सूचना, जानकारी र तथ्यांक सहयोग तीव्र बनाएको सिन्ह्वाले जनाएको छ । चीन मौसम विज्ञान प्रशासनका अनुसार सीमापार विपद् अनुगमन तथा आपत्कालीन उद्धारमा सहयोग पुऱ्याउन चीनले नेपाललाई भूउपग्रह तथ्यांकसहित उच्च प्रविधिमा आधारित मौसम पूर्वानुमान सेवाहरू उपलब्ध गराइरहेको छ । चीनले आफ्नो एआई-सञ्चालित मौसमी पूर्वसूचना प्रणाली ‘माजु’ मार्फत फङ्युन-३ र फङ्युन-४ शृंखलाका भूउपग्रहबाट प्राप्त बहुस्रोत तथ्यांक तथा मौसमी विवरण नेपाललाई वास्तविक समयमा उपलब्ध गराइरहेको जनाएको छ । भदौ १० (अगस्ट २६) मा केरुङ-रसुवागढी सीमा क्षेत्रमा गएको भीषण पहिरोपछि चीनको राष्ट्रिय भूउपग्रह मौसमी केन्द्रले प्रभावित क्षेत्रमा वर्षा तथा मौसममा भइरहेको परिवर्तनको निरन्तर अनुगमन गरिरहेको छ । उच्च रिजोलुसनका भूउपग्रह तथ्यांकमार्फत माथिल्लो तटीय क्षेत्रमा भएको हिउँ-चट्टान पहिरो तथा नदीको बहावसमेत निगरानी गरी विपद् मूल्यांकनमा सहयोग पुऱ्याइएको बताइएको छ । नेपालका लागि विशेष रूपमा तयार पारिएका मौसम विज्ञान सेवाहरूलाई चिनियाँ फङयुन भूउपग्रहसँग प्रत्यक्ष जोडिएको छ । यसबाट व्यापक क्षेत्रमा हुने वर्षा, चट्याङ तथा अन्य भीषण मौसमी गतिविधिको वास्तविक समयमा अनुगमन गर्न सहयोग पुग्ने चीनले जनाएको छ । चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले बिहीबार आयोजित पत्रकार सम्मेलनमा विपद्पछि चिनियाँ मौसमी तथा जलस्रोतसम्बन्धी निकायहरूले नेपाली समकक्षीसँग निरन्तर सहकार्य गर्दै अनुगमनसम्बन्धी तथ्यांक आदानप्रदान गरिरहेको बताएका थिए । उनका अनुसार चीनले नेपालको आपत्कालीन उद्धार तथा विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन आगामी दिनमा पनि यस्ता मौसमी तथा प्राविधिक सहयोगलाई निरन्तरता दिनेछ ।

*-बाह्रखरी डटकम*

# पृथ्वी-चन्द्रमाबिच चीनले बनाउँदै ३डी स्याटेलाइट नेटवर्क




चीनले सूर्यको गतिविधि नियाल्न र अन्तरिक्षमा हुने शक्तिशाली विस्फोटको निगरानी गर्न पृथ्वी र चन्द्रमाबीच ३डी स्याटेलाइट नेटवर्क निर्माण गर्ने अन्तर्राष्ट्रिय परियोजना अघि बढाएको छ । परियोजनाअन्तर्गत पृथ्वी वरिपरि दर्जनौँ साना उपग्रह परिचालन गरेर पृथ्वी-चन्द्र क्षेत्रको अन्तरिक्ष वातावरणको व्यवस्थित अध्ययन गर्ने योजना बनाइएको छ । चीनको डीप स्पेस एक्सप्लोरेसन ल्याबोरेटरीका अनुसार आगामी करिब चार वर्षभित्र पृथ्वीको वरिपरि अत्यधिक अण्डाकार कक्षमा ३० वटा क्युबस्र्याट पठाउने योजना छ । क्युबस्र्याट आकारमा साना र तुलनात्मक रूपमा कम लागतमा निर्माण गर्न सकिने उपग्रह हुन् । परियोजनाको नेतृत्व डीप स्पेस एक्सप्लोरेसन ल्याबोरेटरीले गर्नेछ । शुक्रबार सार्वजनिक गरिएको जानकारीअनुसार यस परियोजनामा चीनसँगै इजिप्ट, इन्डोनेसिया, सेनेगल, सर्बिया र थाइल्यान्ड पनि सहभागी हुनेछन् । चीनले यो स्याटेलाइट नेटवर्कमार्फत पृथ्वी र चन्द्रमाबीचको विशाल अन्तरिक्ष क्षेत्रमा व्यवस्थित रूपमा वैज्ञानिक अवलोकन गर्ने लक्ष्य राखेको छ । प्रयोगशालाले यो परियोजनाले सिस्लुनर स्पेस अर्थात् पृथ्वी-चन्द्र क्षेत्रको व्यवस्थित अवलोकनमा रहेको विश्वव्यापी कमीलाई पूरा गर्ने दाबी गरेको छ ।

**के हो सिस्लुनर स्पेस ?**

सिस्लुनर स्पेस भन्नाले पृथ्वीको निम्न कक्षबाट सुरु भएर चन्द्रमासम्म तथा चन्द्रमाभन्दा बाहिर करिब २० लाख किलोमिटरसम्म फैलिएको अन्तरिक्ष क्षेत्रलाई बुझिन्छ । वैज्ञानिकहरूका अनुसार यो क्षेत्र भविष्यमा मानव अन्तरिक्ष गतिविधिका लागि महत्वपूर्ण बन्नेछ । चन्द्रमामा मानवसहितका अभियान सञ्चालन गर्ने, चन्द्रमाको सतहमा आधार केन्द्र निर्माण गर्ने तथा पृथ्वीभन्दा बाहिर दीर्घकालीन अन्तरिक्ष गतिविधि विस्तार गर्ने योजनाका लागि यो क्षेत्र रणनीतिक र वैज्ञानिक दुवै हिसाबले महत्वपूर्ण मानिन्छ । डीप स्पेस एक्सप्लोरेसन ल्याबोरेटरीले सिस्लुनर स्पेसलाई मानव गतिविधिको नयाँ सीमाक्षेत्रका रूपमा व्याख्या गरेको छ । भविष्यमा चन्द्रमामा मानवसहितका अभियान र चन्द्र आधार निर्माणका लागि यस क्षेत्रको वातावरणबारे पर्याप्त जानकारी आवश्यक हुने वैज्ञानिकहरूको भनाइ छ । अहिलेसम्म वैज्ञानिकहरूले यस्तो विशाल अन्तरिक्ष क्षेत्रको अध्ययनका लागि सीमित संख्याका अन्तरिक्षयानमा निर्भर रहँदै आएका छन् । एउटै वा केही अन्तरिक्षयानबाट गरिएको अवलोकनका कारण सिस्लुनर स्पेसका धेरै क्षेत्र अझै पर्याप्त रूपमा अध्ययन हुन सकेका छैनन् । चीनले अघि सारेको नयाँ योजनाको मुख्य विशेषता भनेकै एकैपटक धेरै स्थानबाट अन्तरिक्षको अवलोकन गर्नु हो । पृथ्वी वरिपरि फरक-फरक कक्षमा ३० वटा साना उपग्रह परिचालन गरिएपछि सूर्यबाट आउने ऊर्जावान कण तथा चुम्बकीय गतिविधिलाई विभिन्न स्थानबाट एकै समयमा निगरानी गर्न सकिने अपेक्षा गरिएको छ । सूर्यमा हुने गतिविधिले पृथ्वीको अन्तरिक्ष वातावरणमा समेत प्रभाव पार्छ । सूर्यबाट निस्कने ऊर्जावान कण र चुम्बकीय अवरोधहरू अन्तरिक्षमा फैलिँदा अन्तरिक्ष मौसममा परिवर्तन आउन सक्छ । यस्तो गतिविधिले उपग्रह, सञ्चार प्रणाली तथा अन्य अन्तरिक्ष पूर्वाधारमा असर पार्न सक्ने भएकाले यसको अध्ययन वैज्ञानिक दृष्टिले महत्वपूर्ण मानिन्छ । नयाँ स्याटेलाइट नेटवर्कले सूर्यमा शक्तिशाली विस्फोट वा अन्य गतिविधि हुँदा त्यसबाट निस्कने ऊर्जावान कण र चुम्बकीय प्रभाव पृथ्वीदेखि चन्द्रमासम्म कसरी फैलिन्छ भन्ने बुझ्न वैज्ञानिकहरूलाई सहयोग गर्ने अपेक्षा गरिएको छ । चीनले पृथ्वीको वरिपरि ३० वटा क्युबस्र्याट पठाउने योजनासँगै चन्द्रमाको कक्षमा पनि अर्को समूहका क्युबस्र्याट पठाउने तयारी गरेको छ । चन्द्रमाको वरिपरि परिचालन गरिने ती साना उपग्रहले चन्द्रमामा रहेका सम्भावित स्रोत तथा प्राकृतिक सम्पदाको खोजी गर्ने उद्देश्य राख्ने बताइएको छ । यद्यपि, यस योजनासम्बन्धी थप प्राविधिक विवरण भने चीनले सार्वजनिक गरेको छैन । चन्द्रमामा पानी, खनिज तथा अन्य उपयोगी स्रोतको सम्भावना वैज्ञानिक तथा अन्तरिक्ष एजेन्सीहरूको चासोको विषय बन्दै आएको छ । भविष्यमा चन्द्रमामा मानव गतिविधि विस्तार गर्ने योजनासँगै त्यहाँ उपलब्ध स्रोतको अध्ययनलाई पनि प्राथमिकता दिइँदै आएको छ ।*-सेतोपाटी डटकम*

# आज विश्व फिजियोथेरापी दिवस




**पाल्पा,** भदौं २२/ आज सेप्टेम्बर ८ तारिक, विश्वभर विभिन्न कार्यक्रम गरी नेपालसहित विश्व फिजियोथेरापी दिवस मनाईंदै छ । शारीरिक स्वास्थ्य, सक्रिय जीवनशैली तथा पुनर्स्थापनामा फिजियोथेरापीको महत्वबारे जनचेतना फैलाउने उद्देश्यले दिवस मनाउन लागिएको हो ।

हरेक वर्ष सेप्टेम्बर ८ मा मनाइने यो दिवसले स्वास्थ्य सेवामा फिजियोथेरापिस्टको महत्वपूर्ण भूमिकालाई उजागर गर्दै फिजियोथेरापी सेवाको पहुँच र प्रभावकारिता विस्तारमा जोड दिँदै आएको छ । विश्वभरका फिजियोथेरापीस्टहरुले विश्व फिजियोथेरापी दिवसका रुपमा मनाउने गर्दछन् । प्रत्येक वर्ष झैं यस वर्ष पनि यो दिवस मनाउन लागिएको हो । नेपालमा पनि सन् २००० देखि यो दिवस मनाउन थालिएको पाइन्छ । फिजियोथेरापी भनेको एक उपचार पद्धति हो जसले उचित शारीरिक क्षमता मूल्यांकन गरी मानिसको जीवनस्तर ( क्वालिटी अफ लाइफ) उकास्नका लागि मद्दत गर्दछ । यसले विभिन्न रोग लाग्नबाट रोकथाम गुर्नका साथै रोग लागिसकेकालाई त्यस समस्याबाट बाहिर निस्कन मद्दत गर्छ । फिजियोथेरापीलाई सामान्यतया चोटपटक, हाडजोर्नी तथा मांसपेशीको समस्या निको पार्ने उपचारका रूपमा बुझिए पनि यसको भूमिका त्यसभन्दा निकै व्यापक रहेको विज्ञहरू बताउँछन्। शारीरिक गतिविधि बढाउने, मांसपेशीको शक्ति तथा सन्तुलन सुधार गर्ने, दैनिक गतिविधिमा आत्मनिर्भर बनाउन सहयोग गर्ने र दीर्घरोगको व्यवस्थापनमा साथ दिने काममा फिजियोथेरापी महत्वपूर्ण मानिन्छ ।विशेषगरी स्ट्रोकपछि हातखुट्टाको चाल, सन्तुलन, हिँडडुल तथा दैनिक क्रियाकलापमा आएको समस्या सुधार गर्न पुनर्स्थापना सेवाको महत्वपूर्ण भूमिका हुन्छ । त्यस्तै, ह्हृदय तथा रक्तनलीसम्बन्धी रोग भएका व्यक्तिलाई सुरक्षित र उपयुक्त शारीरिक गतिविधिमा फर्काउन पनि फिजियोथेरापी तथा पुनर्स्थापना सेवाले सहयोग पुर्‍याउन सक्छ । कतिपयलाई औषधिले काम नगरेको खण्डमा समेत फिजियोथेरापीद्धारा उपचार गर्ने गरिन्छ । विभिन्न चोट पटकका कारणले भएको भौतिक पीडा लगायत मांशपेशीको पीडा कम गर्न फिजियोथेरापिस्टहरु विभिन्न व्यायाम तथा उपचार गर्न सुझाव दिन्छन् । मांशपेशी च्यातिएको (लिगामेन्ट टियर), कमजोर मांशपेशी, स्वास प्रश्वास सम्बन्धी समस्या, घाँटी तथा जीउको दुखाई कम गर्न पनि फिजियोथेरापी उपयुक्त मानिन्छ ।

# अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालमा पनि मनाइँदै




**पाल्पा,** भदौं २२/ विश्वभर साक्षरताको महत्व उजागर गर्दै आज अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाइँदैछ । हरेक वर्ष सेप्टेम्बर ८ मा मनाइने यो दिवस नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । संयुक्त राष्ट्रसँघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सठन ( युनेस्को)को आवानमा सन् १९६७ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो ।

नेपालमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसहित विभिन्न सरकारी तथा गैरसरकारी निकाय, स्थानीय तह, सामुदायिक सिकाइ केन्द्र र शैक्षिक संस्थाले साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै दिवस मनाउँदै आएका छन् । दिवसका अवसरमा साक्षरताको महत्वबारे जनचेतना अभिवृद्धि, अन्तर्क्रिया, गोष्ठी, सचेतनामूलक कार्यक्रम तथा शैक्षिक गतिविधि सञ्चालन गरिने जनाइएको छ । नेपालले यो दिवसलाई शैक्षिक पर्वका रूपमा मनाउँदै अएको थियो । नेपालले विक्रम संवत् २०३२ देखि २०६३ सालसम्म शिक्षा दिवस र अन्तर्राष्ट्रिय साक्षरता दिवस छुट्टाछुट्टै मनाउँदै आएकोमा २०६२/०६३ को परिवर्तनपछि सेप्टेम्बर ८ लाई नै राष्ट्रिय शिक्षा तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसका रूपमा मनाउँदै आएको छ । तर, विगतका वर्षहरूमा ८ तारिखका दिन मनाइने अन्तर्राष्ट्रिय साक्षरता दिवसकै दिन राष्ट्रिय शिक्षा दिवस मनाइँदै आएकोमा गत वर्षदेखि भने शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसलाई अलग्गै दिनमा मनाएको छ । नेपालले पछिल्ला वर्षहरूमा साक्षरता विस्तारमा उल्लेख्य प्रगति गरे पनि सबै नागरिकलाई पूर्ण रूपमा साक्षर बनाउने लक्ष्य अझै चुनौतीपूर्ण रहेको छ । विशेषगरी मधेस प्रदेशका विभिन्न स्थानीय तहमा साक्षरता अभियान पूरा हुन नसक्दा मुलुकलाई पूर्ण साक्षर घोषणा गर्ने लक्ष्य प्रभावित हुँदै आएको छ ।

## खेलकुद समाचार

# कर्णाली शिवराजको लगातार दोस्रो जित



**काठमाडौं,** भदौ २२/कर्णाली शिवराजले नेपाल भलिबल लिग ( एनभिएल)मा लगातार दोस्रो जित निकालेको छ । दोस्रो खेलमा खप्तड फाल्कन्सलाई ३-० को सोझो सेटमा हराउँदै कर्णालीले महत्वपूर्ण ३ अंक जोडेको छ । त्रिपुरेश्वरको राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा भएको खेलमा खप्तडलाई २५-१९, २५-१९ र २५-१९ ले पराजित गर्दै कर्णालीले सहज जित निकालेको हो । लगातारको दोस्रो जितसँगै कर्णालीले ६ अंक बनाएको छ । खप्तडको भने यो लगातार दोस्रो हार हो । उसले अंकको खाता खोल्न सकेको छैन । यसअघि हिजै भएको खेलमा अन्नपूर्ण सुपर स्पाइकर्सले काठमाडौं रेड्सलाई ३-० सोझो सेटमा हराउँदै पहिलो जित हात पारेको थियो । एनभीएलमा आज मधेश वारियर्स र अन्नपूर्ण सुपर स्पाइकर्स तथा सगरमाथा स्प्यासर्स र कर्णाली शिवराजबीच खेल हुनेछ । लिगमा कुल ६ टोली सहभागी छन् । नेपाली पुरुष भलिबलमा पहिलो पटक आयोजना गरिएको फ्रेन्चाइज लिगको विजेताले २० लाख प्राप्त गर्नेछ । नेपाली भलिबलमा यो अहिलेसम्मकै सर्वाधिक नगद पुरस्कार हो । भदौ २७ गतेसम्म कभर्डहलमा हुने एनभिएलमा सिंगल राउन्ड रोबिन लिग खेल्नेछन् । लिगमा शीर्ष स्थानमा रहने टोली सिधै फाइनलमा प्रवेश गर्नेछ । दोस्रो र तेस्रो स्थानमा रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्नेछन् ।

# गुल्मीका बाख्रामा देखिएको...

...रोग पुष्टि भएपछि मदाने गाउँपालिकाको पशुसेवा प्राविधिक टोली किसानका खोरमै पुगेर सङ्क्रमित बाख्राको उपचारमा जुटेको थियो ।

त्यसैगरी केन्द्रका प्रमुख पाण्डेको नेतृत्वमा थप टोलीले प्रभावित क्षेत्रमा पुगेर स्थलगत अवस्थाबारे जानकारी लिएको थियो । पिपिआर रोग पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले भेडा तथा बाख्रामा तीव्र रूपमा रोग फैलिन सक्ने भन्दै किसानलाई विशेष सतर्कता अपनाउन आग्रह गरेका थिए । न्वारा गाउँलाई पिपिआर प्रभावित क्षेत्र घोषणा गर्दै नियन्त्रणमा नआउँदासम्म उक्त क्षेत्रबाट बाख्रा तथा भेडा ओसारपसारमा रोक लगाइएको थियो । पिपिआर बाख्रा तथा भेडामा देखिने सङ्क्रामक रोग भएका कारण उक्त रोगको सम्भावित जोखिम कम गर्न पशु ओसारपसारमा सावधानी अपनाउन र समयमै खोप लगाउन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीले किसानलाई आग्रह गरेको छ ।*-रासस*

# जेनजी विद्रोहको...

...गत मंसिर २४ गते जेन-जी आन्दोलनलाई जनआन्दोलनका रूपमा प्रतिनिधिसँग भएको सम्झौतामा उक्त स्वीकार गरिएको छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-६, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5438220 का RFN किष्ण बहादुर थापा (Kishna Bahadur Thapa) (ना.प्र.मा कृष्ण बहादुर घर्ति भन्ने कृष्ण बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रेनु मगर्नी र जन्म मिति सन् १९४९ जनवरी १ (वि.स.२००५/०९/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा रिनु मगर्नी भन्ने रिनु मगर्नी थापा, जन्म मिति वि.स. २००६/११/२६ (सन् १९५० मार्च ९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-३, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5041522 A का NK चोक बहादुर थापा (ना.प्र.मा चोक बहादुर सुर्यवंशी थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा टेकी सरा मगर्नी र जन्म मिति सन् १९६५ अक्टुवर २० (वि.स.२०२२/०७/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा टेकी सरा सुर्यवंशी थापा, जन्म मिति वि.स. २०२१/०२/२० (सन् १९६४ जुन २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-३, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5043417 H का H/Nb Sub शेर बहादुर आले (ना.प्र.मा शेर बहादुर आले) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा टोपली सरा र जन्म मिति सन् १९६९ सेप्टेम्वर १० (वि.स.२०२६/०५/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा टोपली आले, जन्म मिति वि.स. २०२५/१२/१४ (सन् १९६९ मार्च २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-३, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5040927 Y का H/HAV टोप बहादुर थापा (ना.प्र.मा टोप वहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लली सरा र जन्म मिति सन् १९५९ जुलाई १ (वि.स.२०१६/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा ललीसरा सारु, जन्म मिति वि.स. २०१४/०४/०७ (सन् १९५७ जुलाई २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5345660 X का हवलदार देव बहादुर थापा (ना.प्र.मा देव वहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा पुष्ट कुमारी थापा र जन्म मिति सन् १९६९ फेब्रअरी १७ (वि.स.२०२५/११/०६) र नेपाली नागरिकता प्रमाणपत्रमा पुष्ट कुमारी थापा भन्ने पोष्ट कुमारी गाहा थापा, जन्म मिति वि.स. २०२५/१०/१४ (सन् १९६९ जनवरी २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बराङ्गदी गा.वि.स.-५, हाल तानसेन नगरपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5336256 का RFN खर्क बहादुर थापा (ना.प्र.मा खड्ग बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा घनि र जन्म मिति सन् १९४८ जुलाई १ (वि.स.२००५/०३/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा धनिमाया मगर्नि भन्ने घनि मगर्नि, जन्म मिति वि.स. २००४/१०/१८ (सन् १९४८ जनवरी ३१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई